# प्रदेश राजपत्र

**कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, मंसिर २६ गते, २०८१ साल (संख्या १०**


**भाग-३**

**कर्णाली प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालयको**

**<u>सूचना</u>**

## सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१

**<u>प्रस्तावनाः</u>** सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “कार्यदल” भन्नाले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४/०२/२७ को निर्णय अनुसार द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन गर्न गठित कार्यदल सम्झनु पर्छ र सो शब्दले समय समयमा नेपाल सरकारको निर्णयबाट केन्द्र तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठन भएको समितिलाई समेत जनाउँछ।

(ख) "जनआन्दोलन" भन्नाले सम्वत् २०६२/०६३ सालको जनआन्दोलन सम्झनु पर्छ।

(ग) “सशस्त्र संघर्ष" भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(घ) “प्रदेश स्थापनाको लागि भएको आन्दोलन” भन्नाले सम्वत् २०७२ सालमा कर्णाली प्रदेश प्राप्तिको लागि भएको आन्दोलन सम्झनु पर्छ।

(ङ) "भत्ता" भन्नाले सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा भएका सहिद वा बेपत्ता पारिएका व्यक्तिको परिवारको हकवालालाई प्रदान गरिने सहिद स्मृति भत्ता सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले सहिद वा बेपत्ता व्यक्तिको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ज) "सहिद वा वेपत्ता व्यक्ति" भन्नाले सशस्त्र संघर्ष, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा साहदत प्राप्त (मृत्युवरण) गरेका वा वेपत्ता पारिएका व्यक्ति सम्झनु पर्छ।

(झ) "हकवाला" भन्नाले सहिद वा बेपत्ता पारिएका व्यक्तिका पती वा पत्नी, निज नभए निजका छोरा, अविवाहित छोरी र निज पनि नभए निजका आमा वा बावु सम्झनु पर्छ।

३. **भत्ता प्राप्त गर्नेः** (१) कर्णाली प्रदेशमा स्थायी बसोबास भई जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद वा बेपत्ता पारिएका व्यक्तिका परिवारका हकवाला मध्ये प्राथमिकताका आधारमा एकजनाले मात्र यस कार्यविधि बमोजिमको भत्ता प्राप्त गर्न सक्नेछन्।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "प्राथमिकताक्रम" भन्नाले दफा २ को खण्ड (झ) मा उल्लिखित हकवालाको प्राथमिकताक्रम सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको भत्ता सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध गराइनेछ।

४. **सहिद वा बेपत्ता व्यक्तिको पहिचानः** (१) यस कार्यविधि बमोजिम भत्ता वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले नेपाल सरकार, गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट सहिद वा वेपत्ता भएका व्यक्ति र निजको हकवालाको विवरण माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा मन्त्रालयले जिल्लागत नामावली सहितको विद्युतीय कपी सम्बन्धित जिल्लाको स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण प्राप्त भए पश्चात सम्बन्धित स्थानीय तहले आफ्नो स्थानीय तहभित्रका सहिद वा वेपत्ता भएका

व्यक्तिको हकवाला बसाइसराई गरी गए नगएको, मृत्यु भए नभएको समेत जाँचबुझ गरी विवरण तयार गर्नुपर्नेछ।

(४) नेपाल सरकार, गृह मन्त्रालयले विभिन्न समयमा नेपाल राजपत्रमा प्रकाशन गरेको सहिद तथा बेपत्ता नागरिकको विवरणलाई समेत यस कार्यविधि बमोजिम भत्ता वितरण गर्ने कार्यको लागि सम्बन्धित स्थानीय तहले आधार लिन सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम तयार भएको विवरणका आधारमा सम्बन्धित स्थानीय तहले दफा ५ बमोजिम निवेदन दिनको लागि नामावली सहितको सार्वजनिक सूचना यथाशीघ्र प्रकाशन गर्नुपर्नेछ।

५. **निवेदन दिनुपर्ने:** (१) भत्ता वापतको रकम प्राप्त गर्न दफा ४ को उपदफा (५) बमोजिम प्रकाशन भएको सूचनामा नाम समावेश भएका सहिद वा वेपत्ता भएका व्यक्तिको हकवालाले अनुसूची-१ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात सहित सम्बन्धित स्थानीय तहमा निवदेन दिनुपर्नेछ।

(२) गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश हुँदाको स्थानबाट कर्णाली प्रदेशको अन्य जिल्लामा वा स्थानीय तहमा बसाँइसराई गरेर गएको व्यक्तिले बसाँइसराई गरेको कागजात र कार्यदलमा नाम समावेश भएको कागजात सहित सम्बन्धित हकवालाले बसाँइसराई गरी आएको स्थानीय तहमा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपश्चात सो निवेदन उपर जाँचबुझ गरी विवरण साँचो देखिएमा सोही स्थानीय तहले सम्बन्धित व्यक्तिलाई भत्ता बापतको रकम उपलब्ध गराउनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइएको विवरणमा नाम समावेश भएका सहिद वा वेपत्ता भएका व्यक्तिको हकवालाको मात्र निवेदन संकलन गर्नुपर्नेछ।

६. **<u>विवरण पठाउनुपर्ने:</u>** दफा ५ बमोजिम प्राप्त भएको निवेदनको आधारमा स्थानीय तहले विवरण तयार गरी अनुसूची-२ बमोजिको ढाँचामा मन्त्रालयमा पठाउनुपर्नेछ।

७. **<u>रकम उपलब्ध गराउने:</u>** दफा ६ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले सहिद वा वेपत्ता व्यक्तिको हकवालालाई सम्वत् २०८१ साल श्रावण १ गते देखि नै प्रतिव्यक्ति मासिक दुई हजार रुपैयाँका दरले भत्ता वितरण गर्ने गरी सम्बन्धित स्थानीय तहमा एकमुष्ट रुपमा रकम उपलब्ध गराउनेछ।

८. **<u>भत्ता वितरण गर्नुपर्ने:</u>** (१) स्थानीय तहले दफा ७ बमोजिम प्राप्त रकम सहिद वा वेपत्ता व्यक्तिको हकवालाले उपलब्ध गराएको बैंङ्क खातामा जम्मा गरिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भत्ता उपलब्ध गराउँदा स्थानीय तहले मासिक वा चौमासिक वा बार्षिक रुपमा उपलब्ध गराउन सक्नेछ।

(३) यस कार्यविधि बमोजिम स्थानीय तहले आगामी आर्थिक बर्षमा दायित्व नसर्ने वा सिर्जना नहुने गरी भत्ता वितरण गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम भत्ता बापत उपलब्ध गराइएको रकम खर्च हुन नसकी बाँकी रहेमा प्रचलित कानून बमोजिम असार मसान्तभित्र सम्बन्धित स्थानीय तहले मन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

९. **<u>भत्ता वितरणका लागि लिनुपर्ने आधार:</u>** स्थानीय तहले भत्ता वितरण गर्दा यस कार्यविधिमा उल्लिखित शर्त वाहेक देहायका शर्तको समेत पालना गर्नुपर्नेछः-

(क) सहिद वा वेपत्ता परिवारका व्यक्ति कर्णाली प्रदेश भित्रै अन्यत्र जिल्लामा स्थायी रुपमा बसाइसराई गएको भनी प्रमाणित भएमा त्यस्ता परिवार र व्यक्तिलाई बसाइसराई गरी गएकै स्थानीय तहबाट निवेदन माग गरी भत्ता उपलब्ध गराउनु पर्नेछ।

(ख) सहिद परिवारको हकवालालाई भत्ता रकम उपलब्ध गराउँदा नेपाल सरकार, गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा भएको नामावली र मृत्यू दर्ता प्रमाण पत्रमा भएको नामावली एउटै हुनु पर्नेछ। नामावली फरक परेको खण्डमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट एउटै व्यक्ति हो भनी प्रमाणित भएको कागजात पेश गर्नुपर्नेछ।

(ग) सहिद वा वेपत्ताका परिवारका व्यक्तिको हकवाला कर्णाली प्रदेशबाट अन्य प्रदेशमा स्थायी रुपमा बसाइसराई गरी गएको भनी प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

(घ) सहिद वा वेपत्ता परिवारको हकमा एउटै व्यक्तिको नाममा फरक-फरक व्यक्तिले निवेदन दिइएको पाइएमा दफा २ को (झ) बमोजिम हकवालाको प्राथमिकताक्रमका आधारमा भत्ता उपलब्ध गराउनु पर्नेछ।

१०. **प्रतिवेदन पठाउनु पर्नेः** (१) स्थानीय तहले उपलब्ध गराएको भत्ताको विवरण सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपश्चात मन्त्रालयले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण आफ्नो वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ।

११. **अन्य प्रयोजनमा खर्च गर्न नहुनेः** दफा ७ बमोजिम उपलब्ध गराइएको भत्ता वापतको रकम कार्यविधि विपरित अन्य कुनै पनि प्रयोजनको लागि खर्च गर्न पाइने छैन। भत्ता रकमको दुरुपयोग भएको पाइएमा दुरुपयोग गर्ने व्यक्तिबाट सो रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१२. **<u>विवरण अद्यावधिक गर्ने:</u>** नेपाल सरकारले विभिन्न समयमा अद्यावधिक गरेका सहिद वा वेपत्ता पारिएका व्यक्तिको विवरणलाई आधार मानी मन्त्रालयले त्यस्तो विवरण अद्यावधिक गर्नुपर्नेछ।

१३. **<u>अनुगमन गर्न सक्ने:</u>** भत्ता वितरणको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा आवश्यकता अनुसार स्थानीय तहको अनुगमन समिति वा मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

१४. **<u>लेखा तथा लेखापरीक्षण:</u>** स्थानीय तहले वितरण गरेको भत्ता खर्च निकासाको लेखा प्रचलित कानून बमोजिम राखी लेखापरीक्षण गराएर सोको एकप्रति मन्त्रालययमा पठाउनु पर्नेछ।

१५. **<u>खारेजी र बचाउ:</u>** (१) सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० बमोजिम भए गरेका कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

सहिद स्मृति भत्ता प्राप्तिका लागि दिइने निवेदनको ढाँचा

मितिः २०...... /.... /...

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

................................ न. पा./गा.पा., ................ जिल्ला

**विषयः सहिद स्मृति भत्ता उपलब्ध गराई पाउँ।**

म निवेदक जनआन्दोलन/सशस्त्र संघर्ष/प्रदेश प्राप्तिको आन्दोलनको सहिद तथा वेपत्ता पारिएका व्यक्तिको परिवारको नजिकको हकवाला सदस्य भएको हुँदा सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई "सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१" बमोजिम ...... नगरपालिका/गाउँपालिकाले मिति ...... मा प्रकाशित गरेको सूचनामा हकवालाको रुपमा मेरो नाम समावेश भएकोले कार्यविधि बमोजिमको भत्ता उपलब्ध गराई दिनहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको/गरेकी छु।

**संलग्न कागजात**

१) हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) हकवालाको मृतकसँगको नाता खुल्ने प्रमाणित कागजात,

३) सहिद/वेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा बेपत्ता नागरिकको विवरणको प्रतिलिपि वा वेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपि,

४) हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात,

**निवेदकको**

दस्तखतः
नाम थरः
ठेगानाः
बाजेको नामः
बाबुको नामः
आमाको नामः
फोन नं.

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

**मन्त्रालयमा पठाउनु पर्ने विवरणको ढाँचा**

मितिः २०...... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

**विषयः सहिद तथा बेपत्ता पारिएको व्यक्तिको विवरण अद्यावधिक गरी पठाइएको सम्बन्धमा ।**

सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१ बमोजिम सहिद स्मृति भत्ता उपलब्ध गराउनका लागि तहाँ मन्त्रालयबाट प्राप्त सहिद तथा वेपत्ता पारिएका व्यक्ति र हकवालाको सम्बन्धमा मिति .... गते सार्वजनिक गरिएको सूचनामा समावेश भएका यस ..... गा.पा/न.पा. मा रहेका सहिद तथा बेपत्ता पारिएका व्यक्ति र हकवालाको अद्यावधिक विवरण तपशील बमोजिम पठाईएको व्यहोरा अनुरोध छ।

**सहिद तथा बेपत्ता व्यक्तिको विवरण**

| क्र सं | सहिद तथा बेपत्ता पारिएको व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | बैंकको नाम र खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | हकवालाको नाम र ठेगाना | सहिद वा बेपत्ता सँग को नाता | हकवालाको नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमाको नाम | | |
| | | | | | | | | | |

नोटः मन्त्रालयबाट प्राप्त विवरण अनुसार बसाई सरी गएका वा हकवाला नभएका व्यक्तिको नामावली कैफियत महलमा स्पष्ट रुपले खुलाई उल्लेख गर्नुपर्नेछ।

## अनुसूची-३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**भत्ता वितरणको प्रतिवेदन मन्त्रालयमा पठाउने ढाँचा**

मितिः २०...... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

**विषयः प्रतिवेदन पठाइएको सम्बन्धमा ।**

सहिद बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८१ बमोजिम वितरण गरिएको सहिद स्मृत्ति भत्ताको विवरण तपसील बमोजिम पठाइएको व्यहोरा अनुरोध छ।

**सहिद स्मृत्ति भत्ता वितरणको विवरण**

| क्र. सं. | सहिद वा बेपत्ता व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | स्मृति भत्ता जम्मा भएको रकम | बैंकको नाम र खाता नं. | रकम जम्मा गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हकवालाको नाम र ठेगाना | नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमाको नाम | सहिद वा बेपता व्यक्तिसँगको नाता | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तँहा मन्त्रालयबाट प्राप्त भएको रु. ........... मध्ये कार्यविधि बमोजिम जम्मा रु ...... खर्च भै रु ....... बाँकी रहेको व्यहोरा जानकारी गर्दछु। (असार मसान्त भित्र खर्च नभई बाँकी रहेको रकम दफा ८ को उपदफा (४) बमोजिम मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ।)

**कार्यालय प्रमुखकोः**
दस्तखतः
नामः
पदः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

मितिः
कार्यालयको छापः

निर्णय भएको मितिः २०८१/०८/०१

आज्ञाले,
पुष्प राज शाही
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय